# अध्याय : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिस एक सामाजिक प्राणी भएको हुनाले उसले समाजमा भाषाको माध्यमबाट आफ्ना ज्ञान तथा अनुभवहरु साटासाट गर्ने र अरुले भनेका कुरा बुझ्न ग्रहण गर्न अनि आफ्ना कुरा अरुलाई बुझाउन भाषाको प्रयोग गर्दछ । भाषा मानव समुदायका अनुभव र अनुभूतिहरुको सम्प्रेषण गर्ने सशक्त माध्यम हो । भाषाका मौखिक र लिखित गरी दुई रुप हुन्छ । उच्चारणको माध्यमबाट अभिव्यक्त गर्दा मौखिक र आफ्ना विचार भावनालाई लिपिको माध्यमबाट तयार गरिन्छ भने लिखित भाषा तयार हुन्छ ।

मानिस जन्मेपछि हुर्कदै, बढ्दै जाने क्रममा भाषाका भाषिक सिपहरु हासिल गर्ने गर्दछन् । भाषाका चारैवटा भाषिक सिप एक अर्कामा सम्बन्धित रहेको हुन्छ । यी सिपहरु मध्ये सनुाइ र पढाइ बोध क्षमताको रुपमा लिइन्छ भने बोलाइ र लेखाइलाई अभिव्यक्ति क्षमताको रुपमा लिइन्छ । लेखाइ एउटा सशक्त र विचारको प्रस्तुतीकरण गर्ने माध्यम हो । कुनै पनि व्यक्तिले आफ्नो विचार व्यक्त गर्ने लेखाइ सिपको महत्त्वपूर्ण भूमिका हुन्छ । यसरी लेखाइ सिप विकास गर्ने विभिन्न तरिकाहरु मध्ये वादविवाद लेखन पनि एक महत्त्वूर्ण पद्धति हो ।

कुनै निश्चित विषय वस्तुको बिचमा पक्ष र विपक्षमा रही आफ्नो विचार, तर्क वितर्क खण्डन भण्डन गर्ने कार्यलाई वादविवाद भनिन्छ । यो रुपक विधाकै एउटा उपविधा हो । वादविवाद तार्किक र बौद्धिक खालको हुन्छ । वादविवाद औपचारिक र अनौपचारिक दुवै तरिकाले गर्न सकिन्छ । वादविवाद भाषाको मौखिक कलासँग सम्बन्धित हुन्छ तर परीक्षामा चाही यसको परीक्षण लिखित रुपमै हुन्छ । विद्यार्थीहरुमा हुने संकोच, झझकाउने बानीबाट पीडित विद्यार्थीले लिखितको माध्यमबाट आफ्ना तर्क विचार खण्ड मण्ड गरी लेखन क्षमताको आधारमा विचारहरु प्रकट गर्न सक्दछन् । वादविवादका केही परिभाषा यस प्रकार छन् :

१) वाद विवाद (सं.पु.) विषयगत तत्त्व निरुपणका लागि विपक्षका बुँदाहरुका साथ पक्षका बुँदाहरु तुलनात्मक छलफल, तर्क वितर्क, खण्डन मण्डन, वाक्य प्रतियोगिता नै वादविवाद हो (बसन्त कुमार शर्मा) ।

२) वादविवाद प्रतियोगिता (सं.) निश्चित समयभरमा कुनै पूर्व निश्चित विषयमा पक्ष वा विपक्षमा बढी बुँदा लिएर बोली विजय हासिल गर्नुपर्ने एक शैक्षिक परिपाटी (बसन्त कुमार शर्मा) ।

३) पक्ष र विपक्षको समूहमा बाँडिएर खास विषयमा एक अर्काको तर्कको खण्डन गर्दै गरिने छलफल आफ्नो पक्षलाई विशिष्ट सिद्ध गर्न खोज्ने मौखिक अभिव्यक्तिको एक सिप, एक अर्काको खण्डन मण्डनमा आधारित तर्क वितर्क (हेमाङ्ग र बद्री विशाल) ।

शोधकार्यमा पूर्व कायृको समीक्षाले विगतमा के कस्ता शोधकार्य भएका थिए भन्ने कुराको स्पष्ट मार्ग दर्शन गर्दछ । नयाँ शीर्षकमा शोधकार्य गर्न बाटो मिल्दछ ।

४) कुनै कुरा वा विषयको तत्त्व निरुपणका निम्ति आफ्ना बुँदाको समर्थन र विपक्षीका बुँदाको खण्डन साथ गरिने छलफल, तर्क वितर्क विचार विमर्श (नेपाली बृहत शब्दकोश) ।

५) Noun a formal discussion on a particular matter in a public meeting or legistative assembly, in which opposing arguments are put forward and which usually, ends with a vote (Oxford Dictionary).

## १.२ समस्याको कथन

अनुसन्धान आफैमा एक चुनौतीपूर्ण कार्य हो । कुनै पनि विषय वस्तुको अध्ययन कार्य पूरा गर्नका लागि त्यसको समस्याको पहिचान गर्नु आवश्यक हुन्छ । त्यसैले अनुसन्धान गर्ने क्रममा कुनै पनि अनुसन्धेय विषय वस्तुलाई समस्याको रुपमा प्रस्तुत गर्न सकिन्छ । त्यसैले अनुसन्धान गर्ने क्रममा समस्या भएको ठाउँमा गर्नुपर्ने हुन्छ ।

भाषा सिक्ने क्रममा विभिन्न समस्याहरु आउने गर्दछन् । समस्या उत्पादन भएपछि मात्र त्यसको समाधान हुने गर्दछ । भाषाका चार सिप मध्ये लेखाइ सिप एक महत्त्वपूर्ण सिप हो । जस मध्ये वादविवाद लेखन पनि एक महत्त्वपूर्ण कार्य हो । शैक्षिक पाठ्यक्रमहरुमा समेत वादविवादहरु लेखन अभिव्यक्ति सम्बन्धी पाठ्यपुस्तकले समेत महत्त्व दिइरहेको परिप्रेक्ष्यमा लिखित तथा सृजनात्मक क्षमताको विकास गराउने एउटा महत्त्वपूर्ण माध्यम वादविवाद लेखन बनेको छ । यो विद्यालयको सानो कक्षादेखि नै रुपक विधा अन्तर्गत रहेको पाइन्छ । वादविवादलाई लेखनले विद्यार्थीहरुको तार्किक क्षमताको

विकास गराउनको लागि महत्त्वपूर्ण हुने गर्दछ । वादविवाद लेखन सम्बन्धी सबल र दुर्बल पक्षहरु पत्ता लगाइ विद्यार्थीहरुको प्रस्तुतीकरण समय सीमा पक्ष तथा विपक्षीका कुराहरुको खण्डन मण्डन के कस्तो रहेको छ यसका बारेमा जानकारी गराउनु उपयुक्त हुन्छ । लेखन क्षमता भएकाले उनीहरुको वर्णविन्यास त्रुटिहरु पत्ता लगाइ तिनको निराकरण एवम् तार्किक, बौद्धिक र मौलिक लेखनको विकास गर्न वादविवाद लेखन कार्य महत्त्वपूर्ण मानिन्छ ।

प्रस्तुत शोधकार्य तनहुँ जिल्लाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन शर्षिकसँग सम्बन्धित समस्याहरु यस प्रकार रहेका छन्:

क) कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमता कस्तो छ ?

ख) सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन क्षमतामा के कस्तो भिन्नता पाइन्छ ?

ग) लैङ्गिक आधारमा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको तुलनात्मक स्थिति कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

कुनै पनि कार्यलाई सफल र प्रभावकारी बनाउनको लागि निश्चित लक्ष्य र उद्देश्य हुनु आवश्यक पर्दछ । त्यसैले प्रस्तुत शोध कार्यका निम्न लिखित उद्देश्यहरु रहेका छन् :

क) कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन अभिव्यक्ति क्षमताको अध्ययन गर्नु ।

ख) सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको बिचमा तुलना गर्नु ।

ग) छात्रा र छात्रको वादविवाद लेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन गर्नु ।

## १.४ शोधको औचित्य

अनुसन्धान आफैमा एक महत्त्वपूर्ण र समस्यामूलक कार्य हो । भाषा शिक्षँण भनेको भाषिक सिपहरुको शिक्षण हो । भाषिक सिपहरु मध्ये लेखाइ सिप महत्त्वपूर्ण र विशिष्ट सिप हो । विद्यार्थीहरुमा भएको सिर्जनसिल शक्तिलाई लेखाइका माध्यमबाट प्रस्फुटन गराउने

सानो तहदेखि नै विभिन्न क्रियाकलाप गराउने गरेको पाइन्छ । सामान्य रुपमा लेखपढ गर्न जान्नु भनेको भाषाको कथ्य रुपलाई लेख्य रुपमा ठान्ने क्षमताको विकसित गर्दै जानु हो । विद्यार्थीहरुमा लेखाइ सम्बन्धी तार्किक बौद्धिक ज्ञानात्मक संज्ञानात्मक पक्षहरु समावेश गरिने हुनाले वादविवाद लेखन क्षमताको अध्ययन गर्नु अत्यन्त आवश्यक रहेको छ । त्यसैले वादविवाद विद्यार्थीहरुको लेखन क्षमताको पहिचान गर्ने आधार स्तम्भ हो । कुनै पनि विषय शीर्षकमा कन्द्रित भएर आफ्ना विचार तर्कहरुको समर्थनका साथ विपक्षीका तर्कहरुको खण्डनका साथ तर्क वितर्क विचार विमर्श अनुच्छेद लेखन, सिर्जनात्मक लेखन शब्द भण्डारको विकास गर्न सकिने भएकाले यस प्रकारको अनुसन्धान महत्त्वपूर्ण ठानिन्छ ।

अहिलेको बदलिदो परिवेशसँगै परिवर्तन भएको पाठ्यक्रममा वादविवादलाई समावेश गरी एक महत्त्वपूर्ण विधा अन्तर्गत समावेश गरी अध्ययन गर्न सकिन्छ । यसले विद्यार्थीको मौखिक लिखित दुवै क्षमताको विकास गराउँछ । त्यसैले वादविवादलाई पाठ्यक्रममा समेत समेटिएको छ । यसरी प्रश्नोत्तरको समस्यालाई समाधान गर्न, आफ्ना पक्षमा समर्थन र विपक्षमा तर्क गर्दै मौखिक तथा लिखित अभिव्यक्ति व्यक्त गर्न सक्ने क्षमता पहिचान गरी त्यसमा तुलनात्मक अध्ययन गरेर आवश्यक परिष्कार गर्दै लैजानु प्रस्तुत शोधको प्रस्ताव सन्दर्भ शोध समेत बन्न जान्छ । त्यसैले कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन शीर्षकमा गर्न लागिएको अध्ययनले विद्यार्थीहरुको वादविवाद लेखन क्षमता जाँच्ने आधार, स्वतन्त्र तथा सृजनात्मक लेखन क्षमता जाँच्ने भरपर्दो माध्यम वादविवाद लेखन क्षमता भएकाले यो औचित्य रहेको छ ।

तनहुँ जिल्लाका कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको वादविवाद क्षमताको अध्ययन शीर्षक हालसम्म कहीँ कतैबाट शोध अनुसन्धान नभएकोले प्रस्तुत शोध औचित्यपूर्ण देखिन्छ ।

## १.५ शोधको सीमाङ्कन

यस शोधको क्षेत्र तथा सीमाहरु निम्न लिखित रहेका छन् :

क) प्रस्तुत अध्ययन कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको वादविवाद क्षमता मात्र सीमित रहेको छ ।

ख) तनहुँ जिल्लामा अध्ययनरत ५ वटा सामुदायिक ५ वटा संस्थागत विद्यालयको कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुमा सीमित रहेका छन् ।

ग)    प्रत्येक विद्यालयबाट ८/८ जना गरी जम्मा ८० जना विद्यार्थीहरुमा केन्द्रित रहेका छन् ।

## १.६ शोधपत्रको अध्ययन योजना

प्रस्तुत शोधको रुपरेखा निम्न लिखित रहेको छ :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा उपयोग

अध्याय तिन : शोध विधि

अध्याय चार : कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भ सूची

परिशिष्ट

# अध्याय : दुई
# पूर्वकार्यको समीक्षा तथा उपयोग

## २.१ पृष्ठभूमि

शोधकार्यमा पूर्वकार्यको समीक्षाले विगतमा के कस्ता शोधकार्य भएका थिए भन्ने कुराको स्पष्ट मार्ग दर्शन गर्दछ । नयाँ शीर्षकमा शोधकार्य गर्न बाटो मिल्दछ । पूर्व कार्यको समीक्षालाई शोध प्रस्ताव लेखनको अति महत्त्वपूर्ण अङ्ग मानिन्छ । सामान्यतया पूर्व कार्यको समीक्षाले समस्यालाई स्पष्ट रुपमा परिभाषित गर्न तथ्याङ्क सङ्कलन र विश्लेषण गर्न, अनुसन्धानको औचित्यलाई प्रष्ट पार्न, उपयुक्त अनुसन्धान विधिको छनोट गर्नु ठोस आधार प्रदान गरिएको छ ।

## २.१ पूर्वकार्यको समीक्षा

सम्बन्धित विषयमा कुनै पनि शोधकर्ताले पूर्व अध्ययन गरिएका कार्यहरु पुस्तक, पत्रपत्रिका, लेख, रचना, प्रतिवेदन आदिको व्यवस्थित रुपमा अध्ययन गरी सही रुपमा टिका टिप्पणी समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो ।

सापकोटा (२०६४) द्वारा **कक्षा नौ र दशका विद्यार्थीहरुको सारांश लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोध लेखन सिपसँग सम्बन्धित भएकाले प्रस्तुत शोधसँग सम्बन्धित छ । शोधको उद्देश्य कक्षा नौ र दशमा अध्ययनरत विद्यार्थीहरुको सारांश लेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको सारांश लेखन क्षमताको तुलना गर्नु, सारांश लेखनका कमी कमजोरी पत्ता लगाई निराकरणका लागि सुझाव दिनु, क्षेत्रीय अध्ययन विधि अन्तर्गत रही काठमाडौं, भक्तपुर, ललितपुर जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका माध्यमिक तहका विद्यार्थीहरुको सारांश लेखन क्षमताको तुलनात्मक अध्ययन गरिएको छ । उक्त अध्ययनमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरुको सारांश लेखन क्षमता उच्च रहेको समग्रमा विद्यार्थीहरुको सारांश लेखन क्षमता निम्न रहेको निष्कर्ष निकालिएको छ ।

पौडेल (२०६५), द्वारा **कक्षा ९ पूरा गरेका विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन** शीर्षकमा शोध कार्य भएको पाइन्छ । उक्त शोधका उद्देश्य वादविवाद लेखन क्षमताको तुलना गर्नु, संस्थागत र सरकारी विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको तुलना गर्नु सहरी र ग्रामीण विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको तुलना गर्नु कमी कमजोरीका आधारमा सुझाव पेश गर्नु रहेका छन् । मुख्य रुपमा क्षेत्रीय विधिलाई उपयोग गरिएको उक्त शोधमा यादृच्छिक नमुना छनोटको पनि प्रयोग गरिएको छ । उक्त शोधमा अपेक्षित परिणाम मध्यम किसिमको रहेको सहरी क्षेत्रका भन्दा ग्रामीण क्षेत्रका संस्थागत भन्दा सरकारी विद्यालयका छात्रा भन्दा छात्रको तुलनात्मक स्थिति राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

जोशी (२०६६) द्वारा **कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन** शीर्षकमा शोध तयार पारिएको छ । उक्त शीर्षक कार्य कञ्चनपुर जिल्लाका ६ वटा विद्यालयमा अध्ययनरत ६० जना विद्यार्थीहरुमा गरिएको छ । कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमता पहिल्याउनु सरकारी तथा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति, मातृभाषी र विमातृभाषी विद्यार्थीको चिठी लेखन क्षमताको अध्ययन गरी त्यसमा देखिएका कमजोरीहरु पहिल्याएको छ । यो अध्ययन सरकारी विद्यालयको तुलनामा निजी विद्यालयका विद्यार्थीहरुको केही मात्रामा बढी रहेको देखिन्छ ।

बराल (२०६६) द्वारा **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोध लेखाइ सिपसँग सम्बन्धित भएकाले प्रस्तुत शोधसँग सम्बन्धित छ । उक्त शोधको उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, निजी तथा सरकारी विद्यालयका विद्यार्थीहरुको भाषिक पृष्ठभूमि तथा लैङ्गिक आधारमा निष्कर्ष तथा सुझाव पेश गर्नु रहेका छन् । मुख्य रुपमा क्षेत्रीय सामग्री सङ्कलन विधिको उपयोग गरिएको छ । उक्त अध्ययनमा सरकारी विद्यालयका विद्यार्थीहरुको तुलनामा निजी विद्यालयका विद्यार्थीहरुको विमातृभाषी विद्यार्थीहरुको तुलनामा मातृभाषी विद्यार्थीहरको अनुच्छेद लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ ।

अधिकारी (२०६८) ले **तनहुँ जिल्लाका कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन** शीर्षकमा अध्ययन र विश्लेषण गरेको पाइन्छ । कक्षा

८ मा अध्ययनरत विद्यार्थीहरुको वादविवादात्मक लेखन अभिव्यक्ति क्षमताको अध्ययन गर्नु, सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुको वादविवादात्मक लेखन अभिव्यक्ति क्षमता बिच तुलना गर्नु र सामुदायिक तथा संस्थागत विद्यालयका छात्र र छात्राहरुको बिचको वाद विवादात्मक लेखन अभिव्यक्ति क्षमताको तुलना गर्नु रहेको छ भने अधिकारीले तयार पारिएको शोध शीर्षकमा व्यक्तिले आत्म विश्वासका साथ निडर भई बोल्ने बानीको विकास गराउन सक्छ । यसका विद्यार्थीको तार्किक अभिव्यक्ति तथा बोलाइ सिपको विकास गरी वादविवाद कलालाई सहकार्य कलापको रुपमा लिई स्वतन्त्र लेखन क्षमताको विकास गराउने निष्कर्ष निकालेकी छिन् । मुख्य रुपमा क्षेत्रीय विधिलाई उपयोग गरिएको उक्त शोधमा छात्रछात्राको लेखन सिपमा राम्रो क्षमता नरहेको निष्कर्ष दिएको छ ।

श्रेष्ठ (२०६८) द्वारा **कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन अभिव्यक्ति, क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधको उद्देश्य कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन अभिव्यक्ति क्षमताको अध्ययन गर्नु, सरकारी र निजी विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको तुलना गर्नु, छात्र र छात्राहरुको वादविवाद लेखन क्षमताको तुलना गर्नु र विद्यार्थीमा आएका कमी कमजोरी हटाउन आवश्यक सुझावहरु दिनु रहेका छन् । क्षेत्रीय अध्ययन नमुना छनोट विधिको प्रयोग गरिएको उक्त शोधमा धादिङ जिल्लाका तिन ओटा सामुदायिक र तिनवटा संस्थागत विद्यालयका जन्मा ६० जना विद्यार्थीलाई प्रतिनिधि नमुना छनोट गरी लिइएको छ । संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन क्षमता केही हदसम्म छ र छात्रको तुलनामा छात्राको लेखन क्षमता राम्रो रहेको निष्कर्ष दिइएको छ ।

धिताल (२०६९) द्वारा **सिन्धुपाल्चोक जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन** शर्षिकमा शोधकार्य पुरा भएको पाइन्छ । उक्त शोध प्रस्तुत शोधसँग मिल्दो अनुसन्धान हो । उक्त शोधका उद्देश्य सिन्धुपाल्चोक जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन पहिल्याउनु, सामुदायिक तथा संस्थागत विद्यालयका छात्र वा छात्राहरुको वादविवाद लेखन क्षमता बिच तुलना गर्नु रहेका छन् । सर्वेक्षण र क्षेत्रीय अध्ययन विधिको प्रयोग गरेर तयार पारिएको उक्त शोधपत्रमा प्राथमिक स्रोततर्फ सिन्धुपाल्चोक जिल्लाका तिन ओटा सामुदायिक र तिन ओटा संस्थागत विद्यालयका १५/१५ जनाका दरले विद्यार्थीहरुको अध्ययन गरिएको छ ।

यस अध्ययनले सिन्धुपाल्चोक जिल्लामा कक्षा आठमा अध्ययनरत सामुदायिक विद्यालयका विद्यार्थीको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको स्तर राम्रो रहेको स्पष्ट पारिएको छ । साथै लैङ्गिकताका आधारमा छात्रा विद्यार्थीहरुको भन्दा छात्र विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको स्तर राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

गौतम (२०७०) द्वारा **सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोध लेखाइ सिपसँग सम्बन्धित भएकाले प्रस्तुत शोधसँग सम्बन्धित छ । उक्त शोधका उद्देश्यहरु सिन्धुली जिल्लामा कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमता तुलनात्मक अध्ययन गर्नु, भाषिक पृष्ठभूमिका आधारमा तथा लैङ्गिक आधारमा निबन्ध लेखन क्षमताको तुलना गर्नु, भाषिक कमी कमजोरी पत्ता लगाइ सुझाव प्रस्तुत गर्नु रहेका छन् । मुख्य रुपमा सर्वेक्षण विधि र क्षेत्रीय अध्ययन विधिको अवलम्बन गरेको उक्त शोधमा कक्षा सातमा अध्ययनरत विद्यार्थीको निबन्ध स्थिति अति कमजोर, विमातृभाषी विद्यार्थीको तुलनामा मातृभाषी विद्यार्थीको निबन्ध लेखन क्षमता राम्रो भएको, छात्र विद्यार्थीहरुको तुलनामा छात्रा विद्यार्थीहरुको निबन्ध लेखन राम्रो भएको, सरकारी विद्यालयका विद्यार्थीहरुको भन्दा निजी विद्यालयका विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो भएको निष्कर्ष निकालिएको छ । उक्त शोधको उद्देश्य निबन्ध लेखन क्षमतामा केन्द्रित रहेको र प्रस्तुत शोध वादविवाद लेखन क्षमतासँग सम्बन्धी भएर गरिएकोले भिन्न एवम् विशिष्ट रहेको छ ।

शर्मा (२०७१) द्वारा **बाग्लुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन** शीर्षकमा शोध तयार पारिएको छ । उक्त शीर्षक बाग्लुङ जिल्लाका ८ वटा विद्यालयमा अध्ययनरत ८० जना विद्यार्थीहरुमा गरिएको छ । कक्षा ८ मा अध्ययनरत विदयार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन पहिल्याउनु, संस्थागत र सामुदायिक विद्यालय विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको तुलना ग र्नु, छात्र र छात्राको वादविवाद लेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन गर्नु, यस शोधकार्यको उद्देश्य राखिएको छ । विशेषतः यस अध्ययनमा प्रतिनिधि नमुनाका रुपमा समावेश गरिएका जम्मा ८० जना छात्रछात्राहरुको प्रतिशताङ्क स्थिति र मध्यमानका आधारमा वादविवाद लेखन क्षमता सम्बन्धी विश्लेषण गरिएको छ । प्रतिशताङ्क श्रेणी


अन्तर्गत ९ सङ्ख्या विद्यार्थीहरुले ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गरेको स्थिति सम्बन्धी निष्कर्ष निकालेको छ ।

## २.२ समीक्षात्मक अध्ययनको प्रयोग

प्रस्तुत शोध अनुसन्धान कार्य सम्पन्न गर्दा अधिकारी (२०६८) को शोधकार्यले शीर्षक चयन गर्न उद्देश्य निर्माण गर्न सहयोग गरेको छ ।

शर्मा (२०७१) को शोधकार्यले तालिका बनाउन मार्गदर्शन गरेको छ ।

## २.३ सैद्धान्तिक रुपरेखा



# अध्याय : तिन

# शोध विधि र प्रक्रिया

## ३.१ पृष्ठभूमि

अनुसन्धान एउटा जटिल र चुनौतीपूर्ण कार्य हो । यो प्रक्रिया औपचारिक र व्यवस्थित हुनुका साथै वैज्ञानिक हुन्छ र यसमा कुनै सिद्धान्तको खोजी गर्ने प्रयास गरिएको हुन्छ । यसमा व्यवस्थित वस्तुनिष्ठ र तथ्यपरक विश्लेषण हुने भएकाले अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी छुट्याउने क्रममा अनुसन्धान विधिको विवरण महत्त्वपूर्ण विषय मानिन्छ ।

शोध प्रस्तावको महत्त्वपूर्ण अङ्गको रुपमा शोध विधिलाई लिइन्छ । अनुसन्धानका लागि आवश्यक सामग्रीहरुको स्रोत, सामग्री सङ्कलन र त्यसको परीक्षण स्वयम् सत्यापनसम्मको समग्र प्रक्रियालाई शोध विधि भनिन्छ । शोधलाई व्यवस्थित एवम् सङ्गठित बनाउनका लागि यसको आवश्यकता पर्दछ । उक्त प्रस्तावमा सर्वेक्षण पुस्तकालयीय र क्षेत्रीय विधिको प्रयोग गरिएको छ ।

## ३.२ तथ्याङ्कको स्रोत

तथ्याङ्क सङ्कलन आफैमा एउटा जटिल र चुनौतीपूर्ण कार्य भएता पनि अनुसन्धान पश्चात् निर्धारित उद्देश्य पहिल्याउन सकिने छ । जसले गर्दा अनुसन्धान कर्ताले गरेको कार्यमा सत्य तथ्य पहिचान गर्न मद्दत मिल्दछ । प्रस्तुत अनुसन्धानमा आवश्यक तथ्याङ्क निम्न लिखित दुई स्रोतबाट सङ्कलित गरिएको छ ।

### ३.२.१ प्राथमिक स्रोत

अनुसन्धान कर्ता आफै सम्बन्धित क्षेत्रमा गई सामग्री सङ्कलन गरेमा यस्तो स्रोत सामग्रीलाई प्राथमिक स्रोत सामग्री भनिएको छ । प्रस्तुत अध्ययन तनहुँ जिल्लाको कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरुको वादविवादको अध्ययन रहेको छ । यस अन्तर्गत ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका ८० जना विद्यार्थीहरु नमुनाको रुपमा लिइएको छ । यो ८० जनाको सङ्ख्या नै स्रोत रहेको छ ।

### ३.२.२ द्‌वितीय स्रोत

शोध विधि अन्तर्गत द्‌वितीय स्रोतको सामग्रीहरुमा यस भन्दा अगाडि भई सकेका पूर्व कार्यहरु सन्दर्भ पुस्तक, पत्रपत्रिकाहरुमा लेख रचनाहरु रहेका छन् । साथै भएका अतिरिक्त शोध विधि अन्तर्गत तुलनात्मक विधि तथ्याङ्क सङ्कलन विधिको प्रयोग पनि यसमा गरिएको छ ।

## ३.३ जनसङ्ख्या र अध्ययन क्षेत्र

जनसङ्ख्या भन्नाले अनुसन्धानले तोकेको क्षेत्रभित्र पर्ने एकै किसिमको विशेषता भएका लक्षित समूहलाई जनाउँछ । अनुसन्धानका क्षेत्रमा अनुसन्धानकर्ताले अनुसन्धान गर्नका लागि छनोट गरिएको समूहलाई नै जनसङ्ख्या भनिन्छ ।

विषय वस्तु अनुसार अध्ययन क्षेत्र पनि फरक फरक हुने गरेको पाइन्छ । यसै अनुसार यो शोध पत्रमा कक्षा ९ मा अध्ययनरत विद्‌यार्थीहरुको वादविवाद लेखन क्षमताको अध्ययन नै शीर्षक रहेको छ ।

प्रस्तुत अध्ययनको क्षेत्र तनहुँ जिल्लाको कक्षा ९ मा अध्ययनरत सामुदायिक विद्‌यालयका ५ वटा र संस्थागत विद्‌यालयका ५ वटा विद्‌यालयहरु नै रहने छ । जसमध्ये प्रत्येक विद्‌यालयका ८/८ जना गरी जम्मा ८० जना विद्‌यार्थीहरु रहेका छन् ।

## ३.४ नमुना छनोट

अनुसन्धानका लागि लिइएको जनसङ्ख्याबाट छानिएको अंशलाई नमुना भनिन्छ भन्ने अध्ययन अनुसन्धानका क्रममा सम्पूर्ण सामग्रीबाट छानिएको अंश नमुना छनोट हो । नमुना छनोट दुई प्रकारको हुन्छ । सम्भाव्य नमुना छनोट र असम्भाव्य नमुना छनोट पद्‌धति रहेको छ ।

## ३.५ तथ्याङ्क तथा सूचना सङ्कलन उपकरण

अनुसन्धानमा आवश्यक सङ्कलित तथ्यलाई तथ्याङ्क भनिन्छ । अनुसन्धानमा तथ्याङ्क सङ्कलनको विशेष महत्व रहेको हुन्छ । तथ्याङ्क बिना अनुसन्धानलाई अगाडि बढाउन सकिदैन । तथ्याङ्क बिना अनुसन्धान वैध, प्रामाणिक र विश्वासनीय हुन नसक्ने हुनाले तथ्याङ्क सङ्कलन गर्नु आवश्यक छ । शोधपत्र तयार गर्दा सूचनाको ज्यादै

महत्त्वपूर्ण स्थान रहेको हुन्छ । सुचना अन्तर्गत पत्रपत्रिका, जर्नल, पुस्तक, शोधपत्रहरु, सन्दर्भ पुस्तक आदि सुचना सङ्कलनको उपकरण मानिएको छ ।

### ३.५.१ सामग्री निर्माण

अनुसन्धानको विषय वस्तु अनुसार फरक फरक सामग्री निर्माण गरिनु पर्दछ । अनुसन्धान अध्ययनमा प्रयोग गरिने सामग्री वैज्ञानिक, व्यवस्थित तरिकाले सङ्कलन गरिएको छ ।

### ३.५.२ मूल्याङ्कनका आधारहरु

प्रस्तुत शोधकार्यमा कक्षाकोठामा नै गई विद्यार्थीहरुलाई वादविवाद लेख्न लगाई लेखिएका वादविवादलाई नै शोधको प्राथमिक सामग्रीका रुपमा लिएको छ ।

## ३.६ तथ्यहरुको विश्लेषण

प्रस्तुत अध्ययनको शीर्षक लेखन कलासँग सम्बन्धित रहेको हुँदा यसमा तथ्याङ्क सङ्कलनका क्रममा प्राप्त वादविवाद लेखन, उत्तर पुस्तिकाहरुमा अङ्कन गरिएका प्राप्ताङ्कलाई संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुको समूहमा वर्गीकरण गरी वर्णनात्मक विधिका आधारमा तालिकीकरण, व्याख्या, विश्लेषण गरी अझ प्रष्ट रुपमा देखाउन तालिका तथा रेखाचित्रमा देखाइएको छ ।

# अध्याय : चार

# नतिजा र छलफल

यो अध्यायमा तनहुँ जिल्लाका कक्षा नौ मा अध्ययनरत ८० जना विद्यार्थीलाई धनभन्दा विद्या ठूलो शीर्षकमा वादविवाद लेख्न लगाइ प्रस्तुत शोधपत्रको उद्देश्य बमोजिम अध्ययन गरी प्राप्त नतिजा प्रस्तुत गरिएको छ र सोही नतिजाको छलफल र व्याख्या गरिएको छ ।

## ४.१ नतिजा

अध्ययनका नतिजाहरु निम्नानुसार छन् :

### ४.१.१ कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन अभिव्यक्ति क्षमताको अध्ययन

यो शीर्षकमा तनहुँ जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको वादविवाद लेखन क्षमतालाई विभिन्न कोणबाट अध्ययन गरिएको छ ।

#### ४.१.१.१ सम्बोधन

**तालिका नं. १**

**सम्बोधन**

| क्र.सं. | सम्बोधन गर्ने | सम्बोधन नगर्ने |
|---|---|---|
| १ | ७८ | २ |

प्रस्तुत अध्ययनमा परेका विद्यार्थीहरुले वादविवाद लेखनको आरम्भ गर्दा प्रस्तुत गरेको सम्बोधनको विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनमा परेका ८० जना विद्यार्थीहरुले धन भन्दा विद्या ठूलो शीर्षकमा वादविवाद लेखन आरम्भ गर्दा सबै ८० जना मध्ये दुई जना विद्यार्थीहरुले वादविवाद लेखन कार्य अपनाउँदा वादविवादमा सम्बोधन कत्ति पनि नगरेको पाइयो भने अरु विद्यार्थीले

नियमानुसार सम्बोधन त लेखेका तर क्रम नमिलाइकन लेखेको पाइयो । ५ जना विद्‌यार्थीले सभापतिलाई पहिला सम्बोधन गर्नुपर्नेमा गुरुवर्ग भनेर सुरुमा नै सम्बोधन गरेको पाइएको छ । त्यस्तै अर्का १० जना विद्‌यार्थीले सम्बोधन गर्ने क्रममा आफ्नो साथीहरुलाई छुट्याएको पाइन्छ । त्यस्तै अरु विद्‌यार्थीले सभापतिलाई सम्बोधन गर्दा सुरुमा श्रद्धेय भनेर लेखनलाई अगाडि बढाएको पाइएको छ भने ५ जना विद्‌यार्थीले गरिमामय सभाका सभाध्यक्ष भनेका छन् त ७ जना विद्‌यार्थीले त्यही व्यक्तिलाई आदरणीय सभापतिज्यू भनेर सम्बोधनमा लेखेका छन् । त्यसै गरी दुई जना विद्‌यार्थीले सभापतिलाई नै सम्बोधन गर्दा वादविवाद कार्यक्रमका प्रमुख श्रीमान सभापतिज्यू भनेर पनि सम्बोधन गरेको पाइएको छ । त्यस्तै गुरुहरुलाई सम्बोधन गर्ने क्रममा विद्‌यार्थीहरुमा आ आफ्ना किसिमका गुरुकै अन्य पर्यायवाची शब्दहरु शिक्षक, गुरुबा, गुरुआमा, गुरुवर्ग, सर, मिस जस्ता शब्दहरु प्रयोग गरेको पाइएको छ । ५ जना विद्‌यार्थीले साथीलाई सम्बोधन गर्दा पनि कसैले मित्र कसैले साथी र कसैले सहपाठी भनेका छन् । त्यस्तै ३ जनाले आफ्ना प्रतियोगी साथीलाई र सम्मान पुगेका छन् भने ७ जना विद्‌यार्थीले निर्णायक मण्डललाई सम्बोधन गर्न नै छुट्याएका छन त यस्तै १० जनाले आफ्ना साथीलाई नै छुटाएका छन् भने २ जनाले गुरुहरु नै छुटाएका छन् । ४ जनाले दुधको दुध पानीको पानी छुट्याउन बस्नु भएका निर्णायक मण्डल भनी निर्णायक मण्डललाई सम्बोधन गरेका छन् भने ६ जना विद्‌यार्थीले हातमा ढक र तराजु लिएर बस्नु भएका निर्णायक मण्डल  भनी सम्बोधन गरेको पाइयो ।

यस किसिमले सम्पूर्ण ८० जना विद्‌यार्थीहरुको सम्बोधन लेखन तरिकालाई हेर्दा सबैको एकै किसिमको लेखाइ (सिप) क्षमता समान नभएर फरक फरक भएको पाइएको छ ।

### ४.१.१.२ विषयको उठान

**तालिका नं. २**

**विषयको उठान**

| क्र.सं. | विषयको उठान गर्ने | विषयको उठान नगर्ने |
|---|---|---|
| १ | ८० | ० |

प्रस्तुत शोधकार्य अन्तर्गत ८० जना विद्यार्थीहरुलाई वादविवाद लेखन कार्य अगाडि बढाउन लगाउँदा ४० जना विद्यार्थीहरुलाई धनको पक्षमा लेख्न लगाएको छ भने ४० जनालाई विद्याको पक्षमा लेख्न लगाएको छ । यी ४०-४० जनाले विषय उठान आ आफ्नै तरिकाले गरेको पाइन्छ । जस अन्तर्गत धनको पक्षमा विषयको उठान गर्दा सबैले राम्ररी गरेका छन् तापनि कसैले प्रत्यक्ष रुपमा पहिलो वाक्यमा नै विद्या भन्दा धन नै ठूलो हो भनी उल्लेख गर्दै विषय प्रवेश गरेका छन् त कसैले त्यही कुरालाई घुमाएर धनको पक्षमा लेख्न पाउँदा आफुलाई धन्य ठानेको छु भन्दै धन बिना गास, बास कपास तिर लागेर देश विदेशका कुरा गर्दै शिक्षा दिक्षा आर्जन गर्न पनि धन नै चाहिन्छ भनेर आ आफ्ना भनाइ अभिव्यक्त गरेको पाइन्छ । त्यस्तै कुनै विद्यार्थीले धनको पक्षमा लेख्न पाउँदा ज्यादै खुशी लागेको छ भन्दै धनले गर्दा कलकारखाना समेत खोल्न सहयोग गर्दछ । त्यस्ता कलकारखानाबाट सबैलाई फाइदा हुन्छ भन्दै निकै रोचक प्रस्तुति लेखेका छन् । त्यस्तै कुनै विद्यार्थीले धनको गुणगान गाउँदै विषय प्रवेश गर्दा विद्या भन्दा धन कयौ गुना ठूलो हो अहिलेको एक्काइसौ शताब्दीमा धन भएन भने शिक्षा प्राप्त गर्न सक्दैनौ । धनलाई पछाडि पारेर विद्यालाई अगाडि पार्नु भनेको डोकोमा दुध दुहेर अड्याउन खोज्नु हो । त्यसैले बालुवाको महल बनाउन खोज्नु हो भनेर विषयको उठान रोचकतापूर्व गरेको पाइएको छ ।

त्यस्तै धनकै पक्षमा उठान गर्दै यो संसार भनेको नै धनमा अडिएको छ धन बिनाको मानिसको जीवन पानी बिनाको कुवा जस्तो हुन्छ भन्दै उदाहरण दिएको पनि पाइएको छ । त्यस्तै कुनै विद्यार्थीले विषय प्रवेश गर्दा सुरुमा नै धन भनेको मानिसको गहना हो भनी धनलाई गहनासँग तुलना गरेर विषय उठान गरेको पाइन्छ । यसरी नै धनकै पक्षमा विषय उठान गर्ने क्रममा सुमन लामिछानेले विश्वको इतिहास हेर्ने हो भने पैसाको लागि मानिसहरुले आफ्नो ज्यानै जोखिममा पारेका छन् । धन र मानव जीवन एक सिक्काका दुई पाटा हुन भनी स्पष्ट धारणा दिएका छन् । कसैले सम्पत्तिमा सबैको हाइ हाइ विपत्तीमा कोही छैनन् दाजुभाइ भन्दै धन भए इष्टमित्र दाजुभाइ पनि आफ्नो हुन्छन् भनी धनको पक्षमा विषयको उठान गरेको पाइन्छ ।

विधाको पक्षमा विषयको उठान गर्दा सबै विद्यार्थीले राम्ररी नै गरेका छन् तापनि कसैले धनभन्दा विद्या नै ठूलो भन्दै आफ्ना तर्क प्रस्तुत गर्दै विषयको उठान गरेको पाइन्छ । कसैले विषयको उठान गर्दा शिक्षाले गर्दा सामाजिक, रीतिरिवाज पनि परिवर्तन हुन्छ भन्ने आफ्ना तर्कहरु प्रस्तुत गरेको पाइन्छ । त्यस्तै कुनै विद्यार्थीले विद्याको उठान गर्ने क्रममा

विद्याले आज मानिस डक्टर, पाइलट, इन्जिनियर भएका छन् । त्यस्तै विद्वान मान्छे जहाँ तही सम्मानित हुन्छन् भनी विद्याको पक्ष लिँदै विषय उठान गरेका छन् । त्यस्तै मनिष विसुराल नामक छात्रले आजको यो विश्वको वैज्ञानिक चमत्कारको कारण नै विद्या भएको कुरा स्पष्ट गरेका छन् । त्यस्तै गरेर चाँदनी कुमारीले विद्याको पक्षमा उठान गर्दा विद्या भनेको यस्तो कुरा हो जसलाई हामीले धन दिएर किन्न सकिँदैन दाजुभाइलाई बाँड्न अंश लगाउन पर्दैन भनेकी छिन् ।

त्यस्तै कसैले आफ्नो मौलिक किसिमले विद्याको उठान गर्दै आजका जति पनि युवा युवतीहरु विभिन्न कुलतमा लागेर आफ्नो जिन्दगी वर्वाद पारेका छन् त्यो वास्तवमा विद्याको कमीले गर्दा हो भनी उल्लेख गर्दै विषयको उठान गरेको पाइएको छ । त्यस्तै विद्याले मानिसको व्यक्तिगत जीवनदेखि राष्ट्रमा नै परिवर्तन ल्याउँछ भन्ने कुरा दर्शाउँदै विषयको उठान गरेको पाइयो । त्यस्तै कुनै विद्यार्थीले विद्याको पक्षमा रही विषय उठान गर्दा शिक्षा भनेको एक ज्योति हो । जसले अन्धकारमा उज्यालो छर्छ शिक्षाले नै मानिसलाई सही काममा धकेल्छ भनेर निकै रोचकपूर्ण तरिकाले विद्याको पक्षमा विषय उठान गरेको पाइयो ।

यसरी समग्रमा सम्पूर्ण विद्यार्थीहरुले धन र विद्याको दुवै पक्षमा विषय उठान गर्ने क्रममा निकै मौलिक पाराले आ आफ्ना छुट्टाछुट्टै तर्कहरु प्रस्तुत गरेको पाइएको छ । यसरी वादविवाद लेखन क्षमतालाई हेर्दा विद्यार्थीहरु कसैमा लेखन क्षमता निकै उच्च रहेको पाइएको छ भने केही विद्यार्थीहरुमा भने वादविवाद लेखनमा विषय उठान गर्ने तरिका निकै कमजोर रहेको पाइएको छ ।

### **४.१.१.३ अनुच्छेदको गठन**

**तालिका नं. ३**

**अनुच्छेदको गठन**

| क्र.सं. | अनुच्छेदको गठन गर्ने | अनुच्छेदको गठन नगर्ने |
|---|---|---|
| १ | ८० | ० |

प्रस्तुत अध्ययनको क्रममा वादविवाद लेखन गराउँदा ८० जना विद्यार्थीहरुमा अनुच्छेद गठनमा निकै ठूलो अन्तर पाइएको छ । १० जनाले सम्बोधनलाई दुई तिन हरफमा लेखेका छन् भने २ जनाले एक हरफमा सम्बोधन लेखेका छन् । १२ जना विद्यार्थीले सम्बोधनलाई एक अनुच्छेदमा र विषय वस्तु अर्को अनुच्छेद गरेर जम्मा दुई अनुच्छेदमा मात्र लेखेको पाइएको छ । ५ जना विद्यार्थीले यसै वादविवाद लेख्दा एउटै प्रश्नको उत्तर भए तापनि ५-६ वटा अनुच्छेद बनाएर लेखेको पाइन्छ ।

७ जना विद्यार्थीले ती अनुच्छेदहरुमा सुरुमा सम्बोधन गरेको पाइयो भने दोस्रोमा विषय वस्तुको उठान गरेर त्यही अनुच्छेदबाटै टुङ्ग्याएको पाइएको छ । त्यस्तै १० जना विद्यार्थीले पहिलो अनुच्छेदमा सम्बोधन गर्दा निकै राम्रो तरिकाले क्रमबद्ध तरिकाले सबैलाई सम्बोधन गरेको पाइयो र दोस्रो अनुच्छेदमा विषय वस्तुको उठान गर्दै त्यसै विषय वस्तु उठानकै क्रममा ३-४ अनुच्छेद बनाएर लेखेको पाइयो भने कुनै अनुच्छेदमा आफ्नो पूर्व वक्ता साथीको भनाइलाई खण्डन मण्डन गर्दै अनुच्छेद बदल्दै विषय वस्तु उठान गर्दै ३/४ अनुच्छेद बनाएर लेखेको पाइन्छ । अन्त्यमा दुई तिन हरफमा आफ्नै भनाइलाई अथवा विचारलाई प्रस्तुत गर्दै टुङ्ग्याएको पाइएको छ ।

### ४.१.२ सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन क्षमताको बिचमा तुलना

#### ४.१.२.१ सम्बोधन

**तालिका नं. ४**

**सम्बोधन**

| क्र. सं. | संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या ४० | | सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या ४० | |
|---|---|---|---|---|
| | सम्बोधन गर्ने | सम्बोधन नगर्ने | सम्बोधन गर्ने | सम्बोधन नगर्ने |
| १ | ३८ | २ | ४० | ० |

प्रस्तुत अध्ययनमा परेका जम्मा ८० जना विद्यार्थीहरु मध्ये ४० जना सामुदायिक र ४० जना संस्थागत विद्यालयका विद्यार्थीहरुले धनभन्दा विद्या ठूलो शीर्षकमा

वादविवाद लेखन गर्दा सम्बोधन गर्ने क्रममा संस्थागत विद्यालयका २ जना विद्यार्थीले सम्बोधन नगरेको पाइएको छ भने अरु बाँकी संस्थागत र सामुदायिक विद्यालयका सबै विद्यार्थीहरुले सम्बोधन गरेको पाइएको छ । त्यस्तै सामुदायिक विद्यालयका विद्यार्थीले सम्बोधन लेख्दा नियमानुसार सबैभन्दा पहिले सभापतिलाई सम्बोधन गर्ने अनि प्रमुख अतिथिलाई गर्ने यसरी एवम् रितले गर्नुपर्नेमा सामुदायिक विद्यालयका विद्यार्थी सबैले राम्रोसँग गरे तापनि कसै कसैले सुरुमा नै गुरुलाई मात्र आदरणीय गुरु वर्ग र प्यारा साथी मात्र भनी सम्बोधन गरेको पाइयो । त्यस्तै संस्थागत विद्यालयका सबै विद्यार्थीले सम्बोधन राम्रोसँग गरेको पाइएको छैन ।

त्यस्तै संस्थागत विद्यालयका कुनै विद्यार्थीले त सम्बोधनको नाममा केही पनि नलेखी एकै चोटी विषय प्रवेश गरेको पाइयो भने कसैले सम्बोधन गरे तापनि नियमानुसार नगरी आ आफ्नै तरिकाले गरेको पनि पाइयो ।

अन्तमा सामुदायिक र संस्थागत विद्यालयको सम्बोधनको विषयमा तुलना गर्दा संस्थागत विद्यालयका विद्यार्थीले भन्दा सामुदायिक विद्यालयका विद्यार्थीले केही हदसम्म राम्रोसँग सम्बोधन गरेको भेटिएको छ ।

### ४.१.२.२ विषयको उठान

**तालिका नं. ५**

**विषयको उठान**

| क्र. सं. | संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या ४० | | सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या ४० | |
|---|---|---|---|---|
| | विषयको उठान गर्ने | विषयको उठान नगर्ने | विषयको उठान गर्ने | विषयको उठान नगर्ने |
| १ | ४० | ० | ४० | ० |

तनहुँ जिल्लाका ५ वटा सामुदायिक विद्यालय र ५ वटा संस्थागत विद्यालयकाका ४०-४० जना विद्यार्थीहरु मध्ये संस्थागत विद्यालयका विद्यार्थीहरु मध्ये संस्थागत विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन कार्यलाई अगाडि बढाउँदा विषयको उठन गर्ने क्रममा संस्थागत र सामुदायिक विद्यालयका सबै विद्यार्थीले विषयको उठान गरेको

पाइएको छ भने संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुमा वादविवाद लेखाइका क्रममा केही भिन्नता भने भेटिएको छ ।

यसरी संस्थागत विद्यालयका विद्यार्थीले विपक्षबाट विषय प्रवेश गर्दा धनको विषयलाई उठान गर्दै विश्वको इतिहासलाई हेर्ने हो भने पैसाका लागि वा धनका लागि मानिसले आफ्नो ज्यान नै जोखिममा पारेका छन् । त्यसैले मानिसको जीवन र धन भनेको एकै सिक्काका दुई पाटा हुन । त्यस्तै कसैले धन नभए ठूला ठूला स्कुलमा पठन पाइदैन भनी विषयको उठान गरेको पाइयो भने कुनै विद्यार्थीले धनले गर्दा नै मानिसले धेरै खर्च गरी डक्टर, इन्जिनियर बन्न पाएका छन् भनी धनलाई सबै भन्दा महत्त्वपूर्ण चिज हो भन्दै विषयको उठान गरेको पाइयो ।

त्यस्तै संस्थागतकै विद्यार्थीले पक्षबाट विषयको उठान गर्दा विद्या भनेको मानिसको गहना हो, धनले विद्यालाई किन्न सक्दैन । विद्याको खरिद बिक्री गर्ने चिज हैन, विद्या आर्जन गर्ने मानिस विवेकीपूर्ण हुन्छ भन्ने कुरा गरी विषयको उठान गरेको पाइएको छ ।

त्यसरी नै सामुदायिक विद्यालयका विद्यार्थीले धन भन्दा विद्या ठूलो भन्ने शीर्षक अन्तगृतके धन भन्दा विद्या ठूलो भन्ने पक्षबाट आफ्नो तर्कहरु लेखन गर्दा विद्या नै ठूलो हो किनकि विद्वान मान्छेले जीवनमा हरेक समस्याको समाधान गर्न सक्छ भनी विषय उठान गरेको पाइएको छ । त्यस्तै कुनै विद्यार्थीले धन त चोरले चोर्न सक्दछ । विद्या कसैले पनि चोर्न सक्दैन र हराएर पनि जाँदैन भनी विषयको उठान गरेको छ ।

समग्र रुपमा सबै विद्यार्थीले धन भन्दा विद्या नै ठूलो हो विद्याले हर चिज हासिल गर्न सक्दछ, धन आर्जन गर्न पनि विद्या नै चाहिन्छ । आजको युग वैज्ञानिक युग हो । त्यसैले धनभन्दा विद्या नै ठूलो भएको छ भनी विषयको उठान गरेको पाइएको छ ।

त्यस्तै सामुदायिक विद्यालयका विद्यार्थीले विपक्षमा रहेर विद्या भन्दा धन ठूलो भन्ने शीर्षकमा विषयको उठान आ आफ्नै मौलिकता अनुसार उठान गरेको पाइयो । शीर्षकमा नै सीमित रही विद्यार्थीले विषयको उठान गर्दा धन ठूलो हो धनले गर्दा विद्या हासिल गर्न पाउँछौ, कुनै मानिस बिरामी भएको छ । ऊसँग विद्या छ तर पैसा छैन भने उसको उपचार गर्न विद्या नभईकन धन चाहिन्छ । जस्ता तर्कहरु प्रस्तुत गर्दै विषयको उठान गरेको पाइएको छ ।

समग्रमा संस्थागत विद्यालयका विद्यार्थीको लेखन कार्य र सामुदायिक विद्यालयका विद्यार्थीहरुको लेखन कार्य अन्तर्गत विषय उठानका क्रममा सामुदायिक विद्यालयका विद्यार्थीले नै उचित किसिमले विषय वस्तुको उठान गरेको पाइएको छ ।

### **४.१.२.३ अनुच्छेदको गठन**

**तालिका नं. ६**

**अनुच्छेदको गठन**

| क्र. सं. | संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या ४० | | सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या ४० | |
|---|---|---|---|---|
| | अनुच्छेदको गठन गर्ने | अनुच्छेदको गठन नगर्ने | अनुच्छेदको गठन गर्ने | अनुच्छेदको गठन नगर्ने |
| १ | ४० | ० | ४० | ० |

प्रस्तुत अध्ययनको क्रममा वादविवाद लेखन गराउँदा ८० जना विद्यार्थीहरु मध्ये सामुदायिक विद्यालयको ४० जना र संस्थागत विद्यालयका ४० जना रहेका छन् । संस्थागत विद्यालयका विद्यार्थीहरु र सामुदायिक विद्यालयका विद्यार्थीहरु सबैले अनुच्छेद गठन गरेको पाइन्छ भने अनुच्छेद गठनमा निकै अन्तर पनि पाइन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरुले ५-६ अनुच्छेदसम्म वादविवाद लेखेको पाइन्छ भने संस्थागत विद्यालयका विद्यार्थीले २-३ अनुच्छेदमा नै आफ्नो भनाइ टुंग्याएको पाइन्छ । सामुदायिक विद्यालयका विद्यार्थीले सम्बोधन छुट्टै अनुच्छेदमा गरेको पाइयो भने संस्थागत विद्यालयका विद्यार्थीले एउटै अनुच्छेदमा सम्बोधन गरी विषय वस्तुको उठान त्यही अनुच्छेदमा नै गरेको पाइन्छ । सामुदायिक विद्यालयका विद्यार्थीले अनुच्छेद गठन गर्दा एउटा अनुच्छेद लेखिसकेपछि अर्को अनुच्छेद लेख्नु भन्दा अगाडि एक हरफ छाडेर लेखेको पाइयो भने संस्थागत विद्यालयका विद्यार्थीहरुले एक हरफ नछाडीकन क्रमशः लेखेको पाइन्छ ।

समग्रमा संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद गठन र सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुच्छेद गठन तुलना गर्नुपर्दा सामुदायिक विद्यालयको विद्यार्थीको अनुच्छेद गठन राम्रो तरिकाले गरेको पाइन्छ ।

### ४.१.२.४ खण्डन मण्डन

**तालिका नं. ७**

**खण्डन मण्डन**

| क्र. सं. | संस्थागत विद्यालयका विद्यार्थी सङ्ख्या ४० | | सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या ४० | |
|---|---|---|---|---|
| | खण्डन मन्डन गर्ने | खण्डन मन्डन नगर्ने | खण्डन मन्डन गर्ने | खण्डन मन्डन नगर्ने |
| १ | ६ | ३४ | ८ | ३२ |

प्रस्तुत अध्ययनमा परेका जम्मा ८० जना विद्यार्थीहरु मध्ये ४० जना सामुदायिक र ४० जना संस्थागत विद्यालयका विद्यार्थीहरुले धन भन्दा विद्या ठूलो शीर्षकमा वादविवाद लेखन गर्दा खण्डन मण्डन सबै विद्यार्थीले गरेको पाइदैन । जसमा पनि सामुदायिक विद्यालयका विद्यार्थीले ८ जनाले मात्र खण्डन मण्डन गरेको पाइन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरुले ६ जनाले मात्र खण्डन मण्डन गरेको पाइन्छ । खण्डन मण्डन गर्दा सामुदायिक विद्यालयका विद्यार्थीले निकै रोचक तरिकाले पूर्ववक्ता साथीले भनेका भनाइहरुलाई खण्डन मण्डन गर्दै त्यो कुरा कदापी हुन सक्दैन भन्दै आफ्ना चोटिला तर्कहरु प्रस्तुत गरी लेखन कार्य अगाडि बढाउँदै लगेको पाइन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरुले उचित तर्कहरु प्रस्तुत नगरी पूर्ववक्ता साथीहरुको भनाइमा आबद्ध नभइ आफ्नै तरिकाले वादविवाद लेखन कार्य अगाडि बढाएको पाइन्छ ।

यसरी नै संस्थागत विद्यालयका विद्यार्थी र सामुदायिक विद्यालयका विद्यार्थीमा तुलना गर्नुपर्दा संस्थागत विद्यालयका विद्यार्थी भन्दा सामुदायिक विद्यालयका विद्यार्थीले नै वादविवाद लेखन कार्यमा उचित तरिकाले गरेको पाइन्छ ।

### ४.१.२.५ ह्रस्व दीर्घ (वर्ण विन्यास)

तनहुँ जिल्लाका ५ वटा सामुदायिक विद्यालय र ५ वटा संस्थागत विद्यालयका ४०-४० जना विद्यार्थीहरुमा वादविवाद लेखन गर्दा ह्रस्व दीर्घ (वर्ण विन्यास) सम्बन्धी धेरै त्रुटिहरु पाइएको छ । सामुदायिक विद्यालयको विद्यार्थीले भन्दा संस्थागत विद्यालयका विद्यार्थीले हस्व दीर्घ सम्बन्धित बढी त्रुटिहरु गरेको पाइएको छ । संस्थागत विद्यालयका

विद्यार्थीको लेखाइ पनि अशुद्ध वर्ण विन्यासको नियम पालना नगरिएका लेखिएको पाइएको छ ।

समग्र विद्यार्थीको नतिजा हेर्दा संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीको नतिजा राम्रो देखिन्छ । यसबाट के कुराको विश्लेषण गर्न सकिन्छ भने सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयका विद्यार्थीमा वादविवाद लेखनमा ध्यान दिनुपर्ने कुराहरु जस्तै सम्बोधन, विषय प्रवेश, विषय वस्तुको तर्कपूर्ण प्रस्तुति, खण्डन मण्डन, भाषिक शुद्धता इत्यादि कुरामा ज्ञान नभएको देखिन्छ भने संस्थागत विद्यालयमा सम्पूर्ण विषयहरु अङ्ग्रेजी माध्यमबाट पढाइने, नेपाली विषय जुन शिक्षकले पनि पढाउन सक्छ भन्ने धारणा, कक्षा कोठामा सामान्य बोलचाल गर्दा समेत अङ्ग्रेजी भाषाको प्रयोग गरिनु जस्ता कारणले संस्थागत विद्यालयका विद्यार्थीको वादविवाद लेखन क्षमता न्यून रहेको देखिन्छ ।

### ४.१.३ छात्रा र छात्रको वादविवाद लेखन क्षमतामा पाइने भिन्नताको तुलनात्मक अध्ययन

#### ४.१.३.१ सम्बोधन

**तालिका नं. ८**

**सम्बोधन**

| क्र. सं. | छात्राको सङ्ख्या ४० | | छात्रको सङ्ख्या ४० | |
|---|---|---|---|---|
| | सम्बोधन गर्ने | सम्बोधन नगर्ने | सम्बोधन गर्ने | सम्बोधन नगर्ने |
| १ | ४० | ० | ३८ | २ |

प्रस्तुत अध्ययनमा परेका ८० जना विद्यार्थीहरु मध्ये ४० जना छात्रा र ४० जना छात्रले वादविवाद लेखनको आरम्भ गर्दा २ जना छात्रले सम्बोधन नै नगरेको पाइयो भने बाँकी सबै छात्रछात्राले सम्बोधन गरेको पाइए तापनि छात्रले भन्दा छात्राले सम्बोधन गर्दा नियम अनुसार सबैलाई समेटेर गरेको पाइन्छ । तर छात्रले नियम अनुसार सम्बोधन नगरी आ आफ्नै तरिकाले गरेको पाइन्छ । छात्रहरुले सुरुमा नै सम्बोधन गर्दा सभापतिलाई गर्नुपर्ने ठाउँमा गुरुवर्गलाई गरेको भेटिन्छ भने कुनै छात्रले त सुरुमा नै आफ्ना साथीहरुलाई गरेको पनि पाइन्छ । तर कुनै कुनै छात्रले नियम अनुसार नै सम्बोधन गरेको पनि पाइएको छ ।

समग्र रुपमा तुलना गर्दा छात्रको भन्दा छात्राको सम्बोधन नियमबद्ध तरिकाले नै गरेको पाइन्छ । छात्राहरुले पनि सै कसैले नियम अनुसार नगरेको भेटिए तापनि छात्रको तुलनामा छात्राको सम्बोधन राम्रो मानिन्छ । यसरी छात्र भन्दा छात्रा लगनशील, अनुशासित, मेहेनेती र वादविवाद लेखक क्षमता छात्रको तुलना उच्च रहेको देखिन्छ ।

### ४.१.३.२ विषयको उठान

**तालिका नं. ९**

**विषयको उठान**

| क्र. सं. | छात्राको सङ्ख्या ४० | | छात्रको सङ्ख्या ४० | |
|---|---|---|---|---|
| | विषयको उठान गर्ने | विषयको उठान नगर्ने | विषयको उठान गर्ने | विषयको उठान नगर्ने |
| १ | ४० | ० | ४० | ० |

प्रस्तुत शोधकार्य अन्तर्गत ८० जना विद्यार्थीलाई वादविवाद लेखन कार्य अगाडि बढाउन लगाउँदा ४० जना छात्र र ४० जना छात्रालाई धन भन्दा विद्या ठूलो शीर्षकमा विषयको उठान गर्ने क्रममा सबै छात्र र छात्राले विषयको उठान गरेको पाइन्छ भने लेखाइको क्रममा केही भिन्नता पनि देखिएको छ ।

त्यस्तै विद्याको पक्ष रही विषयको उठान गर्दा छात्रले धनभन्दा विद्या नै ठूलो विद्या हासिल नगरी धन प्राप्त गर्न सकिदैन भन्दै विषयको उठान गरेको पाइन्छ । त्यस्तै अर्को छात्र आजको युग भनेको आधुनिक र वैज्ञानिक युग हो । त्यसैले आजको युगमा धनभन्दा विद्या ठूले भएको छ भन्दै विषयको उठान गरेको पाइन्छ । प्रायः सबै छात्रहरुले विद्या छैन भने समाज, परिवार, राष्ट्र नै अशिक्षित हुन्छ । आजको युगमा शिक्षाको ठूलो महत्त्व छ । मानिसहरु डाक्टर, पाइलट, इन्जिनियर हुन पनि विद्या नै चाहिन्छ । धनले मात्र सबै कुरा पाइँदैन भन्दै आफ्ना तर्कहरु प्रस्तुत गरेको पाइन्छ भने छात्राहरुले विद्याको पक्षमा विषयको उठान गर्दा शिक्षा भनेको त एक ज्योति हो यसले अन्धकारमा उज्यालो छर्छ । शिक्षाले मानिसलाई सही काममा लगाउँछ भन्दै विषयको उठान गरेको पाइन्छ । अर्को छात्रा अस्मिता नेपालीले विषयको उठान गर्दा विद्याको महत्त्व दर्शाउँदै धन भनेको

त हातको मैला हो केही समय पछि समाप्त हुन्छ । विद्या त कहिल्यै पनि सकिदैन भन्दै आफ्ना चोटिला तर्कहरु प्रस्तुत गर्दै विषय वस्तुको उठान गरेकी छिन् ।

यस्तै धनकै पक्षमा रही छात्रहरुले विषयको उठान गर्दा धनलाई नै महत्त्व दिँदै मानिसहरु धन सम्पत्ति कमाउन विदेशिनु परेको पीडाहरु व्यक्त गर्दै विषय वस्तुमा नै केन्द्रित हुँदै विषयको उठान गरेको पाइन्छ भने छात्राहरुले पनि धन बिना गास, बास, कपास तिर लगेर देश विदेशका कुरा गर्दै शिक्षादिक्षा आर्जन गर्न पनि धन नै चाहिन्छ भनेर आफ्ना भनाइ अभिव्यक्त गरेको पाइन्छ । कुनै छात्राले धनको पक्ष लेख्न पाउँदा ज्यादै खुशी लागेको छ भन्दै धनको गुण गान गाउँदै धन नभए कोही छैनन् दाजुभाइ भन्दै धन भए इष्टमित्र दाजुभाइ पनि आफ्ना हुन्छन् भन्दै विषयको उठान गरेको पाइन्छ ।

यसरी विषयको उठान गर्ने क्रममा छात्र भन्दा छात्राले नै विषय वस्तुमा केन्द्रित हुँदै चोटिला भनाइ तर्कपूर्ण वाक्य प्रयोग गरी विषय वस्तुको उठान गरेको पाइन्छ । छात्राहरु देशदेखि विदेशसम्मका कुराहरु व्यक्त गर्दै विषयको उठान गरेको पाइन्छ । छात्रको तुलनामा छात्राको नै विषय उठान राम्रो देखिन्छ । छात्रभन्दा छात्राले नै विषय वस्तु ध्यानपूर्वक वादविवाद लेखनमा विषय वस्तुको राम्रोसँग विषय उठान गरेको पाइन्छ ।

### ४.१.३.३ अनुच्छेदको गठन

**तालिका नं. १०**

**अनुच्छेदको गठन**

| क्र. सं. | छात्राको सङ्ख्या ४० | | छात्रको सङ्ख्या ४० | |
|---|---|---|---|---|
| | अनुच्छेदको गठन गर्ने | अनुच्छेदको गठन नगर्ने | अनुच्छेदको गठन गर्ने | अनुच्छेदको गठन नगर्ने |
| १ | ४० | ० | ४० | ० |

प्रस्तुत अध्ययनको क्रममा वादविवाद लेखन कार्य गराउँदा छात्रा र छात्रहरुमा अनुच्छेद गठन सबैले गरेको पाइन्छ । अनुच्छेद गठन गर्दा छात्र र छात्रामा भने निकै ठूलो अन्तर देखिएको छ । छात्राहरुले ४-५ अनुच्छेदसम्म वादविवाद लेखेको पाइएको छ भने छात्रहरुले २-३ अनुच्छेदमा नै आफ्ना भनाइहरु टुङ्ग्याएको पाइएको छ । छात्राहरुले सम्बोधन छुट्टै अनुच्छेदमा विषयको प्रवेश छुट्टै अनुच्छेदमा गरी लेखेको पाइन्छ भने

छात्रहरुले खासै अनुच्छेद नबदलिइ सरासर लेखेको पाइन्छ । छात्राहरुले एउटा अनुच्छेद लेखी सकेपछि एक हरफ छाडेर वादविवाद लेखेको पाइन्छ भने छात्रहरुले हरफ नछाडीकन लेखेको पाइन्छ । छात्राहरुले अनुच्छेद गठन गर्दा मिलाएर सफासँग गरेका छन् भने छात्रहरुले आफ्ना तरिकाले लेखेको छन्

यसरी वादविवाद लेख्न लगाउँदा अनुच्छेदको गठनको नतिजा हेर्दा छात्रले भन्दा छात्राले नै राम्रोसँग अनुच्छेदको गठन गरेको पाइएको छ ।

### ४.१.३.४ खण्डन मण्डन

**तालिका नं. ११**

**खण्डन मण्डन**

| क्र. सं. | छात्राको सङ्ख्या ४० | | छात्रको सङ्ख्या ४० | |
|---|---|---|---|---|
| | खण्डन मन्डन गर्ने | खण्डन मन्डन नगर्ने | खण्डन मन्डन गर्ने | खण्डन मन्डन नगर्ने |
| १ | १० | ३० | ४ | ३६ |

प्रस्तुत वादविवाद लेखन कार्य प्रारम्भ गर्दा सबै छात्रा र छात्रले खण्डन मण्डन गरेको पाइदैन । खण्डन मण्डन गर्नेहरुमा १० जना छात्रा र ४ जना छात्रले मात्र खण्डन मण्डन गरेको पाइन्छ । छात्राहरुले खण्डन मण्डन गर्दा आफ्नो पूर्ववक्ता साथीका भनाइहरु प्रस्तुत गर्दै आफ्ना चोटिला तर्कपूर्ण भनाइहरु व्यक्त गरेको पाइन्छ भने छात्रहरुले खासै आफ्ना साथीका भनाइहरुमा खण्डन मण्डन गरेको पाइदैन । छात्रको तुलनामा छात्राहरुले वादविवाद लेखनमा खण्डन मण्डन बढी नै गरेको पाइन्छ ।

### ४.१.३.५ ह्रस्व दीर्घ (वर्ण विन्यास)

प्रस्तुत वादविवाद लेखन कार्य गराउँदा ह्रस्व दीर्घ सम्बन्धी धेरै त्रुटिहरु पाइन्छ । जसमा पनि छात्राको तुलनामा छात्ररुले बढी मात्रामा ह्रस्व दीर्घ नमिलाएको वा गल्ती गरेको पाइन्छ । छात्ररुले अशुद्ध र वर्ण विन्यासको नियम पालन नगरीकन लेखेको पाइन्छ भने छात्राहरु बढी वर्ण विन्यास तिर ध्यान राख्दै शुद्धसँग वादविवाद लेखेको पाइन्छ ।

समग्रमा छात्र र छात्राको नतिजा हेर्दा छात्र भन्दा छात्राको नतिजा राम्रो देखिन्छ । यसबाट के कुराको विश्लेषण वा तुलना गर्न सकिन्छ भने छात्रभन्दा छात्रा वादविवाद लेखनमा राम्रोसँग लेख्न सक्ने सम्बोधनदेखि लिएर विषयको उठान खण्डन मण्डन ह्रस्वदीर्घ सबै नतिजा हेर्दा वादविवाद लेखन कार्यमा छात्र भन्दा छात्राको लेखाइ निकै उच्च रहेको पाइएको छ ।

# अध्याय : पाँच
# सारांश, निष्कर्ष र उपयोग

प्रस्तुत अध्ययनमा अध्यापन एकदेखि चारसम्मका अध्यायको कम्तिमा एक अनुच्छेदमा सार खिचिएको छ । प्रत्येक उद्‌देश्यको निष्कर्ष र यो शोधकार्यको उपयोगिता प्रस्तुत गरिएको छ ।

## ५.१ सारांश

प्रस्तुत शोधकार्यको पहिलो अध्यायमा पृष्ठभूमि, समस्याको कथन, शोधकार्य उद्‌देश्य, शोधको औचित्य, शोधको सीमाङ्कन र शोधपत्रको अध्ययन योजना उल्लेख गरिएको छ । अध्ययनको पृष्ठभूमिमा वादविवादको परिचय गर्दै केही परिभाषाहरु उल्लेख गरिएको छ । त्यसरी समस्याको कथनमा तिन वटा समस्याहरु प्रस्तुत गरिएको छ भने शोधकार्यको उद्‌देश्यमा पनि तिन वटा उद्‌देश्यहरु प्रस्तुत गरिएको छ । शोधको औचित्यमा वादविवाद लेखन क्षमताले के कस्तो विद्‌यार्थीको लेखन क्षमतामा सहयोग पुऱ्याएको छ भनी औचित्यमा प्रष्ट पारिएको छ । शोधको सीमाङ्कनमा वादविवाद लेखनमा ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्‌यालयका जम्मा ८० जना विद्‌यार्थीहरु रहेका छन् । यसरी शोधपत्रको अध्ययन योजनामा प्रस्तुत शोधको रुपरेखाहरु प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्याय दुईमा पूर्वकार्यको समीक्षा र समीक्षात्मक अध्ययनको प्रयोग प्रस्तुत गरिएको छ । पूर्वकार्यको समीक्षामा विगतमा के कस्ता शोधकार्य भएका थिए भन्ने कुराको स्पष्ट मार्गदर्शन गरिएको छ ।

प्रस्तत‍ु शोधविधिको अध्याय तिनमा शोधको पृष्ठभूमि, तथ्याङ्कको स्रोत, यसमा पनि प्राथमिक र द्‌वितीय स्रोत, जनसङ्ख्या र अध्ययन क्षेत्र, नमुना छनोट, तथ्याङ्क तथा सूचना सङ्कलन, उपकरण र तथ्यहरुको विश्लेषण जस्ता कुराहरु प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको अध्याय चारमा नतिजा र छलफल शीर्षक राखिएको छ । यस अध्यायमा सामुदायिक र संस्थागत विद्‌यालयको वादविवाद लेखन क्षमतामा तुलना गरिएको छ भने सामुदायिक र संस्थागत दुवै विद्‌यालयका छात्रा र छात्रका बिचमा पनि वादविवाद लेखन क्षमतामा तुलना गरिएको छ ।

अध्ययन अध्यापनको क्रममा विद्यालयहरुमा वादविवाद सम्बन्धी धारणात्मक ज्ञानको विकास गराए तापनि विद्यार्थीहरुमा वादविवादको विषय वस्तुको प्रस्तुतीकरण सम्बन्धी सिपगत धारणाको विकास हुन नसकेको पाइन्छ । सम्बोधन र विषय प्रवेश, विषय वस्तुको तर्कपूर्ण प्रस्तुति, खण्डन मण्डन, भाषिक शुद्धता इत्यादि पक्ष वादविवादका केन्द्रिय पक्ष हुन् । तर यसतर्फ विद्यार्थीहरु अनविज्ञ रहेको प्रस्तुत अध्ययनले देखाएको छ ।

समग्र नतिजालाई मध्यनजर गर्दा सामुदायिक विद्यालयका भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन क्षमता उच्च नरहनुको मुख्य कारण संस्थागत विद्यालयमा सम्पूर्ण विषयहरु अङ्ग्रेजी माध्यममा पढाइनु एउटा नेपाली विषय मात्र नेपालीमा पढाइनु र नेपाली विषय जुन विषय शिक्षकले पनि पढाउन सकिन्छ भन्ने धारणा रहेको छ । यसरी नै छात्र छात्राहरु बिचको नतिजा मध्य नजर गर्दा छात्र भन्दा छात्राको वादविवाद लेखन क्षमता उच्च रहेको पाइयो ।

## ५.२ निष्कर्ष

### ५.२.१ पहिलो उद्देश्यको निष्कर्ष

प्रस्तुत अध्ययनमा तनहुँ जिल्लाका १० वटा विद्यालयहरुमा अध्ययन गर्ने ८० जना विद्यार्थी मध्ये ४० जना विद्यार्थी सामुदायिक र ४० जना विद्यार्थी संस्थागत विद्यालयका विद्यार्थीहरुलाई नमुनाको रुपमा समावेश गरिएको छ । जसमा सामुदायिक ५ विद्यालय र संस्थागत ५ विद्यालय नमुनाको रुपमा रहेका छन् । यस अध्ययनमा प्रतिनिधि नमुनाको रुपमा समावेश गरिएका जम्मा ८० जना छात्र छात्राको वादविवाद लेखन क्षमता सम्बन्धी विश्लेषण गरिएको छ । अध्ययन अध्यापनका क्रममा विद्यार्थीहरुमा वादविवाद सम्बन्धी धारणात्मक ज्ञानको विकास गराए तापनि विद्यार्थीहरुमा वादविवाद विषय वस्तुको प्रस्तुतीकरण सम्बन्धी सिपगत धारणाको विकास हुन नसकेको पाइन्छ । सम्बोधन र विषय प्रवेश, विषय वस्तुको तर्कपूर्ण प्रस्तुति, मौलिकता, खण्डन मण्डन, भाषिक शुद्धता इत्यादि पक्ष वादविवादका केन्द्रिय पक्ष हुन तर यसतर्फ विद्यार्थीहरु अनविज्ञ रहेको प्रस्तुत अध्ययनले देखाएको पाइन्छ ।

### ५.२.२ दोस्रो उद्देश्यको निष्कर्ष

विद्यार्थीहरुले लेखेको उत्तर पुस्तिकाको परीक्षण गर्दा सामुदायिक विद्यालयका विद्यार्थी भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरु वादविवाद लेखन क्षमतामा कमजोर रहेको पाइयो । संस्थागत विद्यालयका विद्यार्थीहरुमा वादविवाद लेख्दा सम्बोधन, विषय प्रवेश, खण्डन मण्डन, भाषिक शुद्धता, तर्कपूर्ण प्रस्तुति आदि जस्ता पक्षमा सामुदायिक विद्यालयका विद्यार्थी भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरु निकै कमजोर रहेको पाइयो ।

सामुदायिक विद्यालयका विद्यार्थी भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको वादविवाद लेखन क्षमता कमजोर रहनुको मुख्य कारण नेपाली विषयलाई फितलो रुपमा लिइनु, अतिरिक्त क्रियाकलापमा वादविवादलाई ध्यान नदिनु, वादविवादलाई वाचन गराउँदा सबै विद्यार्थीलाई समेट्न नसक्नु साथै अन्य विषयमा कमजोर शिक्षकले पनि नेपाली पढाउन सक्छ भन्ने भ्रमपूर्ण विचारका कारण संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको वादविवाद लेखन क्षमता कमजोर रहेको पाइयो । सामुदायिक विद्यालयमा अध्ययन गराउने प्रक्रिया एउटै भएपनि नियमित रुपमा गृहकार्य तथा समय समयमा अतिरिक्त क्रियाकलापमा अनिवार्य सहभागी हुनुपर्ने बाध्यातात्मक परिपाटीको कारण तथा तालिम प्राप्त शिक्षक भएकाले विद्यार्थीको वादविवाद लेखन क्षमता संस्थागत विद्यालयको तुलनामा बढी रहेको पाइयो ।

### ५.२.३ तेस्रो उद्देश्यको निष्कर्ष

छात्रा र छात्रमा अध्ययन गर्दा छात्र भन्दा छात्रा वादविवाद लेखन क्षमता उच्च रहेको पाइयो । छात्रा भन्दा छात्रको वादविवाद क्षमता कमजोर रहनुको मुख्य कारण लगनशील नहुनु, बढी मात्रामा विदेशतिर गई पैसा कमाउने रहर सानै उमेरमा रहनु, कुलतमा लागेर पढाइतिर ध्यान नदिनु आदि कारणले कमजोर देखियो । छात्राहरु भने बढी लगनशील, मिहिनेती हुनु र आफुले भविष्यमा केही गर्नुपर्छ भन्ने धारणा हुनाले छात्र भन्दा छात्राको वादविवाद लेखन क्षमता राम्रो रहेको पाइयो ।

## ५.३ उपयोग

स्वतन्त्र विधा अन्तर्गत रहेको वादविवाद लेखन कलाको एउटा महत्त्वपूर्ण कार्यकलाप हो । जसले भाषाका भाषिक सिपहरुसँग प्रत्यक्ष सम्बन्ध राखेको हुन्छ । मौखिक रुपमा अभिव्यक्त गर्ने वादविवादलाई लिखित रुपमा उतार्नु अवश्य पनि जटिल कार्य हो । परीक्षाको दृष्टिकोणले हेर्दा पनि त्यस्तै देखिन्छ । त्यसैले कुनै पनि भाषाका भाषिक सिपहरुलाई अलग्याएर शिक्षण गर्न सकिँदैन । कुनै पनि कुराको बोध सुनाइ र पढाइबाट हुन्छ भने अभिव्यक्ति लेखाइबाट हुन्छ । अतः ज्ञानको आदान र प्रदान भाषिक सिपहरुबाटै भइरहेको हुन्छ । यसैले गर्दा वादविवाद लेखनको उपयोगिता शैक्षणिक प्रयोजनको तल्लो तहदेखि माथिल्लो तहसम्म अत्यावश्यक रहेको पाइन्छ ।

### ५.३.१ नीतिगत तह

वादविवाद लेखन भनेको कुनै पनि विषय शीर्षकमा केन्द्रित भइ त्यस विषय शीर्षकको तत्त्व निरुपणको निमित्त आफ्ना तर्कहरुको समर्थन र विपक्षीका तर्कहरुको खण्डनका साथ गरिने छलफल, तर्क वितर्क, विचार, विमर्श, खण्डन वाक् प्रतियोगितालाई वादविवाद लेखन भनिन्छ । वादविवाद वास्तवमा लेखन भन्दा पनि वाचनको लागि उपयुक्त मानिन्छ । तर यसलाई परीक्षामा परीक्षण गर्नका लागि लेखनबाट नै गरिने हुँदा लेखनलाई पनि विशेष महत्त्व दिइएको पाइन्छ । वादविवाद वाचन होस वा लेखन यसबाट विद्यार्थीको तार्किक सिप विकास तथा बौद्धिक सिपको विकास हुनु वर्ण विन्यासको शुद्ध प्रयोग गर्न, शब्द भण्डार क्षमताको अभिबृद्धि गर्न, सफा र स्पष्टसँग बोल्न र लेख्न समेत वादविवाद वाचन तथा लेखन सिपले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसका साथै लेख लेख्ने सिपको विकास, खण्डन मण्डन गर्ने सिपको विकास, सफल कार्यक्रम सञ्चालक, नेता, वकिल, व्यापारी, कलमजिवी पत्रकार, व्यवसायिक लेखक बन्नमा समेत वादविवाद लेखन तथा वाचनले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

### ५.३.२ प्रयोग तह

वादविवाद लेखन विद्यालय तहको एक महत्त्वपूर्ण कार्यकलाप अन्तर्गत पर्दछ । वादविवादलाई लेखन र वाचन दुई तरिकामा प्रस्तुत गरिए पनि प्रयोगको तहमा भने वाचनलाई नै विशेष गरी प्रयोग गर्ने परिपाटी रहेको छ । विद्यार्थीको लेखन क्षमताको कुनै

पनि कदर नगरीकन मौखिक वाचनबाट मात्र स्तर निर्धारण गरिएको पाइन्छ । यसलाई परीक्षामा भने लिखित रुपबाट नै परीक्षण गर्ने गरिएको पाइन्छ । परीक्षामा बाहेक अन्य समयमा पनि यसलाई वाचन र लेखन दुवैमा बराबर रुपमा गृहकार्य गराउनुपर्ने देखिन्छ ।

समग्रमा वादविवाद लेखनका उपयोगिताहरुलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ ।

क) लिखितबद्ध रुपमा आफ्ना अनुभव र विचारलाई अरु समक्ष पुऱ्याउनु अभिव्यक्ति माध्यम भएकोले ।

ख) बोलाइबाट आफ्ना विचार राख्न सकिने अवस्थामा पनि लेखाइबाट विनिमय विचार गर्न सकिने ।

ग) ज्ञान र अनुभवलाई भविष्यका लागि सञ्चित गरी राख्ने माध्यम भएकोले ।

घ) मौखिक रुपमा जाँच जाँच्न नसकिएका कुराहरुलाई लिखित माध्यमबाट विद्यार्थीहरुको क्षमता जाँच्न सकिने भएकाले ।

ङ) विद्यार्थीको तार्किक बौद्धिक क्षमता जाँच्न सकिने भएकोले ।

च) भाषिक शुद्धता मापन गर्न सकिने भएकाले ।

## ५.४ भावी अनुसन्धान

क) कक्षा १० मा अध्ययनरत विद्यार्थीको वादविवाद लेखन क्षमताको अध्ययन ।

ख) कक्षा ८ मा अध्ययनरत विद्यार्थीको वादविवाद लेखन क्षमताको अध्ययन ।

ग) कक्षा ९ मा अध्ययनरत विद्यार्थीको वादविवाद लेखनमा लेख्य चिन्हको प्रयोग ।

घ) कक्षा ११ मा अध्ययनरत विद्यार्थीको खण्डन मण्डन गर्ने तरिकाको प्रयोग ।

ङ) कक्षा १२ मा अध्ययनरत विद्यार्थीको सम्बोधन गर्ने तरिकाको प्रयोग ।